सर्वाधिक लोकप्रिय, निर्भीक, निष्पक्ष र पारदर्शी

# ब्लास्ट टाइम्स

मोफसलको पहिलो ठूलो आकारको रङ्गीन राष्ट्रिय दैनिक

BLAST TIMES NATIONAL DAILY www.blastkhabar.com


अन्तिम पृष्ठमा




वर्ष - २७ । अङ्क - १११ पूर्णाङ्क - ५१३७। २०७८ साल माघ ३ गते सोमबार 2022, 17 January Monday नेपाल सम्वत् - ११४२ मूल्य रू.- ५/-


ताप्लेजुङको फुङ्लिङ -६ फूलपाते डाँडामा रहेको छिरिङ नेपाली हातेकागज उद्योगमा सुकाएर राखेको कागज । *तस्बिरः रासस*

## बलात्कारको प्रयास आरोपमा काङ्ग्रेस नेता कोइराला पक्राउ

विराटनगर *(ब्लाष्ट)* १० वर्षीया बालिकालाई जबरजस्ती करणी उद्योग गरेको आरोपमा नेपाली काङ्ग्रेसका प्रदेश समिति सदस्य तथा बूढीगङ्गाका नेता शिव कोइराला पक्राउ परेका छन् ।



मोरङ प्रहरीले बालिकालाई जबरजस्ती करणी गरेको उद्योगमा मोरङको बूढीगङ्ग गाउँपालिका-२ टङ्की सिनवारी घर भएका कोइरालालाई आइतबार दिउँसो पक्राउ गरेको हो ।

पक्राउ परेका कोइरालाले १० वर्षीया बालिकालाई टङ्की सिनवारीस्थित बाथरुममा शुक्रबार जबरजस्ती करणीको प्रयास गरेको आरोप छ । पीडितले दिएको जाहेरीको आधारमा कोइरालालाई नियन्त्रणमा लिएको मोरङ प्रहरीका डिएसपी मञ्जिल मुकारुङले जानकारी दिए । 'पीडितले जाहेरी दिएपछि उहाँलाई नियन्त्रणमा लिइएको हो' डिएसपी मुकारुङले भने, 'सोमबार अदालतमा म्याद थप गर्ने तयारी गरेका छौं ।' पीडितले जबरजस्ती करणी उद्योगमा जाहेरी दिएको उनले बताए ।

**बालिका जीवन–मरणको दोसाँधमा**

मोरङको बूढीगङ्गाको टङ्की सिनवारीस्थित बाबुको पसलमा बालिका शुक्रबार साँझ आएकी थिइन् । मुख धुन भनेर बाबुको पसलनजिक रहेको बाथरुममा उनी गएकी थिइन् । ती बालिकाको गतिविधि शिव कोइरालाले पहिलादेखि नै नियालिरहेका थिए । बालिका बाथरुममा गएको एकछिनपछि उनी पनि सँगै गएका थिए । बालिका बाथरुमबाट बाहिर निस्कन नपाउँदै कोइरालाले बालिकालाई समातेर भित्र लगी जबरजस्ती गरेको पीडित बालिकाको भनाइ उद्धृत गर्दै एक आफन्तले बताए ।

बालिकालाई जबरजस्ती गरेपछि कोइराला फरार थिए । मोरङ प्रहरीमा जाहेरी दिएपछि उनलाई प्रहरीले आइतबार नियन्त्रणमा लिएको हो ।

पीडित बालिका विराटनगरको एक अस्पतालमा गम्भीर अवस्थामा उपचाररत छिन् । बालिका अहिले अस्पतालको शय्यामा छट्पटाइरहेकी छिन् । 'अहिले पनि ती बालिकाको छेउमा जाँदा कहालिने र चिच्याउने गर्छिन्' पीडितका एक आफन्तले भने, 'उनीमाथि भएको घटनालाई सम्झिएर अहिले पनि बालिका बर्बराउने गरेकी छिन् ।'

बालिकाको अवस्था चिन्ताजनक रहेको छ । उनी रुने, कराउने, चिच्याउने र बेलाबेला बेहोस हुने गर्छिन् ।

# बीपी प्रतिष्ठानमा स्वास्थ्य मन्त्रालयका डा.यादव पठाउने सरकारको निर्णय

धरान *(ब्लाष्ट)* धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपकुलपति, शिक्षाध्यक्ष र अस्पताल निर्देशक रहे पनि उनीहरू यतिबेला कारबाही प्रक्रियामा रहेपछि सरकारले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका डा.श्यामबाबु यादवलाई पठाउने निर्णय गरेको छ ।

स्वास्थ्यमन्त्री विरोध खतिवडाका अनुसार डा.यादव मङ्गलबारसम्ममा प्रतिष्ठानमा हाजिर भइसक्ने र उपकुलपति ज्ञानेन्द्र गिरीको स्थानमा बसेर प्रतिष्ठानको दैनिक कामकारबाही सञ्चालन गर्ने अधिकार उपयोग गर्नेछन् । प्रतिष्ठानमा आर्थिक अनियमितता, भ्रष्टाचार र बेथिति बढेको भन्दै ६ महिनाअघि प्रतिष्ठान शुद्धीकरण अभियान संयुक्त सङ्घर्ष समितिले पदाधिकारीविरुद्ध चर्को आन्दोलन गरेपछि सरकारले विभिन्न छानबिन समिति गठन गरेर प्रतिवेदन तयार गरेको थियो । करिब आधा दर्जन जति प्रतिवेदनहरूले पदाधिकारीको कमजोरीले प्रतिष्ठानमा भ्रष्टाचार मौलाएको र दिनदिनै धरासायी बनेको निष्कर्ष निकालेको थियो ।

चिकित्सक, नर्स, कर्मचारी र विद्यार्थीको पनि संयुक्त आन्दोलन चर्किंदै गएपछि चारै पदाधिकारीको कार्यकक्षमा तालाबन्दी गरिएको थियो । राजनीतिक नियुक्ति लिएर आएका पदाधिकारीलाई हटाउनु पर्ने र चिकित्सा शिक्षा ऐनअनुसार योग्य र दक्षलाई पदाधिकारी बनाउनुपर्ने माग बढ्दै गएपछि सरकारले चारै पदाधिकारीलाई कारबाही गर्ने प्रक्रिया चलाए पनि राजनीतिक अस्थिरताले ठोस रूप लिन नसकेपछि प्रतिष्ठान मियोविहीन भएको बेला सरकारले डा.यादवलाई पठाएको हो ।

स्वास्थ्य मन्त्री खतिवडाले भने, 'प्रतिष्ठानको समस्या समाधान गर्न भनेर नै सरकारले डा. यादवलाई धरान पठाउने क्याबिनेट निर्णय गरेको हो । उनी मङ्गलबारसम्ममा आइपुग्नेछन् ।' सरकारले डा. यादवलाई पठाउने निर्णय गरे पनि उनलाई उपकुलपति बनाएर पठाएको भने होइन । तर, उपकुलपतिको अधिकार भने प्रयोग गर्न सक्ने गरी यादव धरान आउने भएका हुन् ।

प्रतिष्ठान स्रोतका अनुसार प्रतिष्ठान सञ्चालन र व्यवस्थापनका लागि २३ जना सिनेट सदस्य हुनुपर्नेमा हाल १५ जनामात्र छन् । पाँचजनाको अवधि सकिएको र ३ जना अभियुक्त भएकाले सञ्चालक परिषद्लाई पूर्णता दिन र प्रतिष्ठानको दैनिक कामकारबाही नियमित गर्न डा.यादवलाई पठाइएको हो । यसै गरी ६ सदस्यीय कार्यकारिणी सदस्यमध्ये २ जनाको अवधि पनि सकिएको छ । कार्यकारिणी समिति (कास)ले सिनेटमा सिफारिस गरेर त्यसलाई उपकुलपतिले मन्त्रिपरिषद्मा पठाएपछिमात्र सिनेट सदस्य बन्न सकिने प्रतिष्ठान ऐनमा रहेको छ ।

स्रोतले भन्यो, 'कास र सिनेटका रिक्त रहेका सदस्यको पदपूर्ति नगर्दा कास र सिनेटको बैठक नै कोरम नपुग्ने र कुनै पनि निर्णय पारित हुन नसक्ने भएकाले त्यसलाई पूर्णता दिँदै प्रतिष्ठानको दैनिक कामकारबाही सञ्चालनको जिम्मेवारी लिएर यादवलाई पठाइएको हो ।' डा.यादव स्वास्थ्य मन्त्रालयका १२ औं तहका कर्मचारी हुन् । सरकारको योजना अनुसार कास र सिनेटलाई पूर्णता दिएर बस्ने बैठकको बहुमतले विवादित पदाधिकारीहरूलाई हटाउनेछ ।

> 'प्रतिष्ठानको समस्या सामाधान गर्न भनेर नै सरकारले डा यादवलाई धरान पठाउने क्याविनेट निर्णय गरेको हो । उनी मंगलबार सम्ममा आइपुग्ने छन् ।'
>
> - स्वास्थ्यमन्त्री खतिवडा

यसैबीच पदाधिकारीकै कारणले धरासायी बनेको प्रतिष्ठान सुधार्न सरकारले गएको ६ महिनायता चारवटा उच्चस्तरीय छानबिन समिति र ०७५ भदौमा केदारबहादुर अधिकारीको संयोजकत्वमा विस्तृत प्रतिवेदन र पछिल्लो समयमा ४ आन्तरिक छानबिन समिति, प्रतिवेदन र अर्को महालेखा परीक्षकको प्रतिवेदन तयार भएका छन् ।

चिकित्सा शिक्षा आयोगले प्रा.डा. जगदीशप्रसाद अग्रवालको संयोजकत्वमा गत भदौ १७ गते प्रतिवेदन सार्वजनिक गरेको थियो । नेपाल मेडिकल काउन्सिलले नारायण विक्रम थापाको संयोजकत्वमा गठित टोलीले स्वास्थ्य सेवाको अवस्थाबारे स्थलगत रूपमा तयार पारेको प्रतिवेदन भदौ ९ गते सार्वजनिक गरेको थियो भने स्वास्थ्यमन्त्री विरोध खतिवडाको संयोजकत्वमा बनेको टोलीले पनि कारबाही सिफारिस गरेको प्रतिवेदन पनि कात्तिक २८ गते सार्वजनिक भएको थियो । आन्तरिक लेखा परीक्षणको प्रतिवेदन, इन्टरनेट अनियमितताको प्रतिवेदन, विद्युत् चोरीसम्बन्धी प्रतिवेदन र आवाससम्बन्धी प्रतिवेदन पनि सार्वजनिक भएका थिए । ती सबै

▸▸ बाँकी अन्तिम पृष्ठमा

## उप्किएको सडकमा फेरि कालोपत्रे गरिने



पथरी *(ब्लाष्ट)* मोरङको कानेपोखरी गाउँपालिका-६ मूलगाउँस्थित कृषि सडकको कालोपत्रे उप्किएको ठाउँमा फेरि कालोपत्रे गरिने भएको छ ।

आइतबार गाउँपालिकाकी उपाध्यक्ष तथा अनुगमन समितिको संयोजक राजमती इङ्नाम, प्रमुख प्रशासकीय अधिकृत गायत्र श्रेष्ठ, वडा नं. ६ का वडाध्यक्ष खड्ग बस्नेत र इन्जिनियर रञ्जन निरौलासहितको टोलीले सडक अनुगमन गरेको छ । अनुगमन टोलीले उप्किएको स्थानमा कटिङ गरी पुनः कालोपत्रे गर्ने जनाएको छ । उपाध्यक्ष इङ्नामले ठेक्का लागेको ५ महिनापछि सडक कालोपत्रे थालेर ठेकेदारले ढिलासुस्ती गरेकाले पनि समस्या आएको बताइन् । उनले स्टिमेटअनुसार नै काम हुनुपर्ने बताइन् । यही सडकको पिङडाँडा चोकमा गरिएको कालोपत्रे पनि यस्तै समस्या आएर ४० मिटरसम्म भत्काएर पुनः कालोपत्रे गरेको उनले बताइन् ।

कालोपत्रे गरिएको सडकमा उप्काउँदा बेससहित सबै उप्किने भएकाले सडक मापदण्डअनुसार गुणस्तरीय नै बनेको इन्जिनियर रञ्जन निरौलाले दाबी गरे । अनुगमनको क्रममा कालोपत्रे खनेर नापजाँच गरिएको थियो । नाप्ने क्रममा बेस ६ इन्च राख्नुपर्नेमा ७ इन्चसम्म पुगेको र थिकनेस ३० एमएमभन्दा बढी नै रहेको पाइएको उनले बताए । त्यसैगरी चौडाइ ५ मिटर पुगेको थियो । 'कमसल काम भएको भए छुँदै बुरुरु निस्किनुपर्ने हो तर, त्यहाँ पिच गर्ने बित्तिकै उप्काएर यस्तो समस्या आएको हो'-इन्जिनियर निरौलाले भने ।

पुस २३ गते रतुवामाई नगरपालिकामा रहेको वीर निर्माण सेवाले तत्काल पौडेल चौकदेखि खड्ग श्रेष्ठको घरसम्म करिब २ सय मिटर पिच गरेको थियो । भोलिपल्ट बिहान स्थानीयले खड्ग श्रेष्ठको घरछेउको होमपाइप जडान गरेको ठाउँमा पिच उप्काउँदा सजिलै उप्किएपछि सामाजिक सञ्जालमा सार्वजनिक गरेका थिए । त्यसपछि विभिन्न सञ्चारमाध्यमले समाचार लेखेका थिए । सडकको बेस निर्माणमा कमसल कच्चापदार्थ बढी मात्रामा प्रयोग गरेको तथा रोलरको कम प्रयोग गरेका कारण समस्या देखिएको स्थानीयले बताएका थिए । उनीहरूले मापदण्ड, गुणस्तरीय काम हुनुपर्ने र उप्किएको ठाउँमा पुनः कालोपत्रे गर्नुपर्ने स्थानीयको माग थियो । सडक निर्माणको काम सम्पन्न भएर गाउँपालिकालाई हस्तान्तरण गरेको १३ महिनासम्म पनि कुनै ठाउँमा खराबी आए ठेकेदारले पुनः मर्मतको काम गर्नुपर्ने उपाध्यक्ष इङ्नामको भनाइ छ ।

पौडेल चौकदेखि

▸▸ बाँकी अन्तिम पृष्ठमा

## सुनसरी एमालेको घोषणा सभा आज

धरान *(ब्लाष्ट)* नेकपा (एमाले) जिल्ला कमिटी सुनसरीको सातौं अधिवेशनअन्तर्गत भूगोलतर्फका केही मतपरिणाम आउन बाँकी रहेको छ । अन्यको भने मतपरिमाण आइसकेको छ ।



एमालेको अध्यक्षलगायत मुख्य पदाधिकारी, धरान, इटहरी भूगोलको सदस्य पनि निर्वाचित भइसकेका छन् । यता खुल्ला सदस्यतर्फ अरुण गुरुङ, देवानन्द मेहता, गायत्री लम्साल, अमितकुमार राई, हरिप्रसाद पोखरेल, रेवतीप्रसाद घिमिरे, नन्दकुमार बस्नेत, पदमप्रसाद लिम्बू, कृष्णप्रसाद भट्टराई, नवराज राई, होमनाथ धमला र केदार लामिछाने निर्वाचित भए । त्यस्तै मजदुर खुल्लामा रविन्द्र अधिकरी, हरि राई, गौरीशङ्कर तामाङ, बुद्धिजीवी खुल्लामा वीरेन्द्र गौतम र हरिबहादुर कटुवाल विजयी बने । यता महिला सदस्यमा कानून अधिकारी, हिमादेवी ओझा कार्की, मौसम राई, ज्ञानु कार्की, सिर्जना नेपाली र तुलशा दाहाल निर्वाचित भएको प्रमुख निर्वाचन अधिकृत गोविन्द मिश्रले जानकारी दिए ।

यस्तै युवा तथा विद्यार्थीमा जीवी गजल, ईश्वरविक्रम साह र एकराज दाहाल निर्वाचित भए । युवा तथा विद्यार्थी महिलामा अञ्जु पाण्डे निर्वाचित भइन् । मुस्लिम खुल्लामा ताहिर अन्सारी, अताबुल अन्सारी र फिरोज अली विजयी बनेका छन् । दलित महिलामा सावित्रा परियार निर्वाचित भइन् । यस्तै थारू खुल्लामा शिवनारायण चौधरी, शङ्करलाल चौधरी, हेमनारायण चौधरी र गिरीधर चौधरी निर्वाचित भए । थारू

▸▸ बाँकी अन्तिम पृष्ठमा



# सम्पादकीय

## भूकम्प दिवस : दिवसमा सीमित नपारौं

हरेक वर्ष माघ २ गते हामी राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाउने गर्दछौं । वि.सं. १९९० सालमा गएको विनाशकारी भूकम्पको सम्झनामा मनाइने गरेको भूकम्प सुरक्षा दिवसअन्तर्गत यस वर्ष २४ औं दिवस मनाइयो । प्राकृतिक विपद्का रूपमा रहेको भूकम्प हाम्रा लागि काल बनेर आउने गरेको छ । हरेक सय वर्षमा नेपालमा ठूला भूकम्प आउने गरेको तथ्य छ । त्यस्तै हरेक ४५ वर्षमा त्यसभन्दा साना भूकम्प आउने गरेको छ । भूकम्पविद्का अनुसार ५ सय वर्षमा महाभूकम्प आउने गरेको छ । नेपालमा आएका भूकम्पहरूलाई केलाउने हो भने हजारौंले ज्यान गुमाइसकेका छन् भने अर्बौंको भौतिक संरचनामा क्षति पुगिसकेको छ । तर, पनि हामी भूकम्पबाट सचेत हुन अझै सकिरहेका छैनौं । कुनै पनि विपद्लाई हामी यति चाँडो भुलिदिन्छौं कि मानौं हामी कुनै पनि विपद्बाट पीडित भएका थिएनौं । हाम्रो स्मरणशक्ति निकै कमजोर भइदिन्छ । २०७२ साल वैशाख १२ र २९ गते गएको दुई शक्तिशाली भूकम्पले ८ हजारभन्दा बढीको ज्यान लिएको हामीले चाँडै भुलिसकेका छौं । यस्ता प्राकृतिक विपद्हरू फेरि पनि आउन सक्छन् भन्ने अड्कल गर्दैनौं । फलतः हामी फेरि पनि ठूलो क्षति व्यहोर्न बाध्य हुन्छौं ।

भूकम्पको राष्ट्रिय सुरक्षा दिवस मनाइरहँदा हाम्रा कार्यक्रमहरू दिवसमै सीमित हुने गरेका छन् । कार्यक्रमको नाममा छलफल, अन्तरक्रिया गरेर हामी दिवस सम्पन्न गरिदिन्छौं र भूकम्पबाट ज्यान गुमाएकाहरूको नाममा मैनबत्ती बालेर एक मिनेट मौनधारण गरेर सकिदिन्छौं । यस्तै कार्यक्रम गरेर हामी हाम्रो दायित्व भुलिदिन्छौं । यस्ता दिवसलाई रचनात्मक बनाउने विषयमा भने हाम्रो ध्यान जान सकेको छैन । विपद्बाट कसरी सुरक्षित हुने, त्यस्ता विपद् आउँदा कसरी न्यूनीकरण गर्ने भन्ने विषयमा हाम्रो ध्यान गएको पाइँदैन । हाम्रा भौतिक संरचना निर्माणलाई कसरी भूकम्प प्रतिरोधी बनाउने भन्ने विषय अहम् हो । तर, त्यसतर्फ हाम्रो ध्यान जान सकेको छैन । हामीले यस्ता विषयमा गम्भीर ध्यान दिन आवश्यक बनिरहेको छ । भूकम्पीय सचेतनाले मात्रै विपद्को अन्त्य गर्न सक्दैनौं । त्यसका लागि हाम्रा भौतिक संरचनालाई पनि बढीभन्दा बढी भूकम्पीय जोखिमलाई न्यूनीकरण गर्ने खालको हुन जरुरी छ । भूकम्प मात्रै हैन, अन्य खालका विपद्को न्यूनीकरण पनि मानवीय गतिविधिका कारणले सिर्जना भइरहेका छन् । त्यस्ता गतिविधिको नियन्त्रण गर्ने संरचना तयार गर्न आवश्यक छ । अहिले विकासका नाममा जताततै सडक निर्माण, मेसिनरी प्रयोग र वातावरणीय प्रभाव मूल्याङ्कन नगरी गरिने गतिविधिले थप अन्य खालका विपद् पनि निम्तिरहेका छन् । यस्ता गतिविधि भइरहेको समयमा आउने प्राकृतिक विपद्ले झनै ठूलो क्षति निम्त्याउनेछ भन्ने हेक्का राख्न आवश्यक छ ।

राष्ट्रिय भूकम्प सुरक्षा दिवसलाई रचनात्मक बनाउनेतर्फ हाम्रो ध्यान जानु पर्छ । दिवसमा सीमित बन्द कोठामा गरिएको भाषणबाजी र वक्तव्यको खासै अर्थ हुँदैन । त्यही बजेटमा गाउँवासीलाई अब निर्माण हुने घरको संरचना यस्तो हुनुपर्छ भनेर त्यसको खाका तयार गर्न आवश्यक छ । सडकहरू विस्तार गर्दा वातावरणीय प्रभाव मूल्याङ्कनलाई बढीभन्दा बढी ध्यान दिनुपर्छ भन्ने कुरा सिकाउन जरुरी छ । भोलि त्यही सडक कसैको लागि काल बन्ने स्थिति आउनु भनेको विकासको नाममा विनाश मात्रै हो । सामान्यतः विपद् मानवीय र प्राकृतिक कारणले आउने गरेको छ । प्राकृतिक विपद्लाई हामी रोकेर रोक्न सक्दैनौं तर, मानवीय विपद्लाई हामी नियन्त्रण गर्न सक्छौं । प्राकृतिक विपद्को हकमा हामीले हाम्रा भौतिक संरचनाहरूको सबलीकरण गर्ने हो भने आजको प्रविधिमैत्री भौतिक संरचना निर्माण गर्ने हो भने हामी पक्कै पनि सुरक्षित हुन सक्छौं । सहर बजारमा खुल्ला स्थानहरूलाई संरक्षण गर्ने, त्यस्ता स्थानहरूलाई बढाउने हो भने हामी भोलि हुनसक्ने सम्भावित विपद्लाई न्यूनीकरण गर्न सक्नेछौं । त्यसतर्फ सबै सचेत हुन जरुरी छ ।

# चौबाटोमा उभिएको काङ्ग्रेस


-ओम आचार्य

नेपाली काङ्ग्रेसको १४ औं महाअधिवेशनपछि काङ्ग्रेस अहिले यस्तो मोडमा उभिएको छ । यस्तो चौबाटोमा खडा छ, आफ्नो गन्तव्य हराएको, अलमलिएको र द्विविधामा भएको प्रतीत हुन्छ । नेपाली काङ्ग्रेसको १४ औं महाअधिवेशनमा रामचन्द्र पौडेल, प्रकाशमान सिंह, डा. शशाङ्क कोइराला, विमलेन्द्र निधी, डा. शेखर कोइराला सबै सभापतिका संस्थापन इतरबाट सभापतिका सम्भावित उम्मेदवार हुँदै गर्दा अन्तिममा प्रकाशमान सिंह, विमलेन्द्र निधी र डा. शेखर कोइराला उम्मेदवार हुँदै तीनैजना नेताहरूको संस्थापन पक्षको विरुद्धमा 'पुस्तान्तरण एवम् रूपान्तरण' भन्दै मोर्चाबन्दी गरेका थिए । यस्तो अवस्थामा संस्थापनबाट सभापतिका उम्मेदवार भएका शेरबहादुर देउवा पक्षले आफ्नै सहयात्री विरुद्धबाट भएको मोर्चाबन्दीको प्रतिरक्षामा उभिनु परेको थियो भने अर्कोतर्फ सरकारको भूमिका निर्वाह गर्नुपरेको थियो ।

पहिलो चरणको निर्वाचनमा कुनै पनि सभापतिमा उम्मेदवारले ५१ प्रतिशत मत ल्याउन नसकेपछि दोस्रो चरणमा शेरबहादुर देउवा र डा. शेखर कोइरालाबीच चुनावी प्रतिस्पर्धा भयो । पहिलो चरणको निर्वाचनमा नेतृत्व परिवर्तन हुनुपर्छ देउवा नेतृत्वबाट पार्टी चल्दैन भनिरहेका प्रकाशमान सिंह र विमलेन्द्र निधी दोस्रो चरणको निर्वाचनमा शेरबहादुर देउवालाई आश्चर्यजनक तरिकाबाट समर्थन गर्न पुगे त्यति मात्रै हैन, वरिष्ठ नेता रामचन्द्र पौडेल र डा. शशाङ्क कोइरालासमेतको समर्थन पनि देउवालाई नै हुन पुग्यो । अझ आश्चर्य त कोइराला विरासतको कुरा गर्ने शशाङ्क र सुजता कोइरालासमेत देउवा समूहमा जानुले सभापतिका उम्मेदवार बनेका डा. शेखरलाई एउटै मालामा बाँधिएका यी तीन कोइरालाको माला टुक्रिएर एकता भङ्ग भएको महसुस मात्रै भएन, आफ्नो पराजयसमेत हुने महसुस भएर दोस्रो चरणमा सभापतिको उम्मेदवारी कायम राख्ने कि नराख्ने यो विषयमा आफ्ना समूहमा छलफलसम्म पुगेको देखिन्छ ।



राजनीतिमा नैतिकता र चरित्रको ठूलो महत्त्व हुन्छ । यी दुई कुरामा जो रहन्छन्, तिनीहरूको राजनीतिक आफ्नो पहिचान बनिरहन्छ यस्मा चिप्लिएर कति तल पुगिन्छ । यसमा त्यसरी चिप्लिएर राजनीतिक भविष्य अँध्यारो बनाएकाहरूलाई बढी थाहा हुन्छ । अहिले रामचन्द्र पोडेल शशाङ्क कोइराला प्रकाशमान सिंह र विमलेन्द्र निधीले यो कुरा महसुस गर्दै होलान् या त्यसरी आफ्नो प्रतिष्ठा स्खलन भएको व्यक्तिहरूको स्मरण गर्दै होलान् । ग्रहण गरेपछी त्याग गर्नै पर्छ । हामीले अक्सिजनमा लिएपछि त्यो सास कार्वनडाइअक्साइडमा त्याग गर्छौं । जल ग्रहण गर्छौं र मूत्रको रूपमा त्यो त्याग गर्छौं । अन्न ग्रहण गर्छौं र मलको रूपमा त्याग गर्छौं । यि सबै त्याग प्राकृतिक हुन् । अहिले दोस्रो कार्यकालका लागि सभापतिमा निर्वाचित हुनुभएका प्रधानमन्त्री शेरबहादुर देउवाले शशाङ्क कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधी र सुजाता कोइरालाको शक्ति ग्रहण गर्नु भएको छ । यो शक्ति ग्रहण गरेपछि त त्याग त गर्नै पर्छ । अब हेरौ त्यो त्याग कस्तो हुन्छ ? प्राकृतिक कि अप्राकृतिक ? पार्टी सभापति देउवाले अब कस्तो प्रकारको त्याग गर्नुहुन्छर त्यसले शक्ति ग्रहण गर्नेहरूको राजनीतिक भविष्य सुनिश्चित होला । संस्थापन इतरबाट रामचन्द्र पौडेलले नेतृत्व लिइरहेको र त्यसमा प्रकाशमान सिंह, शशाङ्क कोइराला, सुजता कोइराला र डा. शेखर कोइराला लगायतहरू थिए र अब त्यो नेतृत्व वरिष्ठ नेता रामचन्द्र पौडेलको हातबाट डा. शेखर कोइरालाको हातमा आइपुग्यो ।

केही दिन पूर्व आफ्नो समूहको भेला गर्दै पार्टी सभापतिबाट भएका सदस्यहरूको मनोनयन र केन्द्रीय सदस्यहरूको मर्यादा क्रमको विषयमा कुन मापदण्डबाट यसो गरिएको हो ? प्रश्न राख्दै सभापतिको यो लाइक र डिसलाइकले पार्टीमा दुर्घटना हुनेसम्मको कुरा समूहको भेलामा प्रस्तुत गर्दै अब संस्थापन इतरको नेताको रूपमा आफूलाई राख्नु भएको छ भने रामचन्द्र पौडेल, शशाङ्क कोइराला देउवाको वर्तमान कार्यशैलीमा मौन देखिनु भएको छ । नेपाली काङ्ग्रेसले प्रथम त आफ्नो पार्टी सुदृढ गरी संस्थापन र संस्थापनइतरको भेद, आपसी पृथकता हटाउन सबै एक ढिक्का हुनुपर्नेमा एक अर्कालाई निस्तेज गर्ने एक अर्कालाई नेतृत्वबाट विस्थापित गर्ने रणनीतिमा लागेर सङ्गठन कमजोर बनाउने तिर लागेका छन् । यस्तो प्रवृत्तिलाई अहिले सबैले आ-आफ्नो ठाउँबाट यो खेल बन्द गरेर सङ्गठन मजबुत बनाउन लाग्नुपर्छ र यो कार्यका लागि सभापति जति जिम्मेवार छन् त्यति नै जिम्मेवार डा. शेखर कोइराला पनि छन् ।

काङ्ग्रेसको सङ्गठन छैनभन्दा हुन्छ, सङ्गठन कमजोर र सुस्त छ, सङ्गठन छ भन्नेहरूले यो बुझे हुन्छ कि काङ्ग्रेसमा गठन छ तर सङ्गठन छैन । यै गठनलाई सङ्गठन ठान्नु नै काङ्ग्रेसको भुल काङ्ग्रेसले काङ्ग्रेसलाई जोड्न सकेको छैन, काङ्ग्रेसले काङ्ग्रेसमा अपनत्व गराउन सकेको छैन, काङ्ग्रेस यस्तो पार्टी थियो, जसका लागि ज्यान दिएका थिए, ज्यान दिन तयार हुन्थे, अहिलेको काङ्ग्रेस काङ्ग्रेसकै ज्यान लिन तयार छन् ज्यान लिनु भनेको मार्नु, हत्या गर्नु मात्रै हैन । आफ्नो निहित स्वार्थलाई आफ्नो अभिष्ट पूर्तिका लागि आफ्नो सहयात्रीलाई निस्तेज गर्नु, नेतृत्वबाट विस्थापित गर्नु, र पार्टीबाट पलायन पार्नु उदासिन गराउनु पनि हत्या गर्नु, ज्यान लिनु सरह हो, हो अहिले पार्टीमा यस्तै विचार मौलाइरहेको छ र सायद डा. शेखरले यही कुरा आफ्नो समूहमा 'मर्यादाको क्रम' र 'सदस्यको मनोनयन' उठाएका हुन् । अहिले युवा पुस्ताको कुरा उठाइरहेका छन् । नेतृत्व युवा पुस्तामा आउनुपर्छ, युवापुस्ता भनिरहेका छन् र पुस्तान्तरणको कुरा पनि यही होला तर युवा पुस्ताले यो भनिरहँदा यो कुरा उठाइरहदा गुट भित्रै रहेर यो कुरा उद्घाटन गरिहेका छन् । शेरबहादुर देउवा, रामचन्द्र पौडेल, कृष्ण सिटौला यिनीहरू ठुलो वृक्षको रूपमा काङ्ग्रेसमा देखिएका छन् र त्यही वृक्षको छायामा युवापुस्ता हुर्किरहेका छन्, छायाँमा रहेर युवापुस्ताले नेतृत्वको कुरा गर्नु पुस्तान्तरणको कुरा गर्नु आफैमा स्वस्थ्य राजनीति मान्न यस कारणले सकिँदैन कि यसमा गुट-उपगुट जीवित देखिन्छ । छायाँबाट मुक्ति हुनुपर्छ, छायाँमा बसेर नेतृत्व विकास हुँदैन, छायाँमा बसुन्जेल, रहुन्जेल सधैँ पुड्को भइन्छ । त्यहाँ विकसित हुने वातावरण वृक्षले रोक्छ जसरी ठूला वृक्षको छायाँमा अन्य वनस्पति मौलाउँदैन, फस्टाउँदैन । सेपमा पर्छ, अहिलेको युवापुस्ता त्यस्तै सेपमा छन् । प्रथमतः युवापुस्ता त्यो छायाँबाट मुक्त भएर काङ्ग्रेस बीपी विचारको काङ्ग्रेस भएर अगाडि बढ्नुपर्छ । बीपीको विचार बीपीको चरित्र र संस्कार आफूमा रूपान्तरित गरेर विचार चरित्र र संस्कारलाई पोषित गर्दै अन्तःकरण शुद्धि गर्दै अगाडि बढे पुस्तान्तरण पनि हुन्छ र रूपान्तरण पनि । अन्यथा युवापुस्तामा बीपीले जन्माएको काङ्ग्रेसमा नेतृत्व लिने क्षमताको विकास हुँदैन, सङ्गठनमा शुद्धि आउँदैन र गुटउपगुटको अन्त हुँदैन । सबै एकजुट हुनुपर्छ, गुटउपगुटको अन्त्य हुनुपर्छ । काङ्ग्रेसको गठनलाई सङ्गठनमा परिणत गर्दै पार्टी विधिविधानले चलाएको अवस्थामा काङ्ग्रेसले एक अर्कामा अपनत्व सिर्जना गर्न सक्छ । काङ्ग्रेसले एक अर्कामा जोड्न सक्छ र यो कार्य गर्न हैन, सभापति देउवा नै लानुस् र अरू साथीहरूले पनि यो कार्यमा सहयोग गर्छन् । अब हुने तीनै तहको निर्वाचनमा 'काङ्ग्रेस एक्लै चुनावमा सहभागी हुनुपर्छ' यो कुरा केही नेताहरूबाट उद्घाटित भइरहेको छ । तर, यो कुरा आइरहँदा तीनै तहको निर्वाचनमा उम्मेदवारी खडा गरिरहँदा सकेसम्म विवादरहित र निर्वाचित हुनेलाई उम्मेदवार दिनुपर्छ । अहिले केन्द्रीय सदस्य र मर्यादाको क्रम हेर्दा संस्थापनइतर बाहेक पार्टी सभापति एक्लै अगाडि बढ्ने अवस्था देखिनुले काङ्ग्रेस आगामी निर्वाचनमा काङ्ग्रेसले सोचेजस्तो नतिजा आउन संशय देखिन्छ । तीन तहको निर्वाचनमा राम्रो नतिजा ल्याउन सभापतिको मात्रै प्रयास पूर्ण छैन । यसमा अहिले संस्थापनइतरको नेतृत्व लिएका डा. शेखर कोइरालाको पनि त्यति नै प्रयास हुनुपर्छ । सभापति शेरबहादुर देउवा र डा. शेखरले एक अर्कामा द्वेष राख्ने निश्चय काङ्ग्रेसले निर्वाचनमा फेरि घात अन्तरघात सुन्नु, देख्नु पर्ने र यस्तो दुर्घटना नघटोस् ।

# अष्ट्रेलियाको पीआर त्यागेर व्यवसायमा जम्दै देशबन्धु कार्की


धनबहादुर पुरी

अधिकांश नेपाली युवाहरूको सपना हुन्छ, वैदेशिक रोजगार र विदेश अध्ययन । देशभित्र रोजगारका पर्याप्त रोजगारीका अवसर नहुँदा नेपाली युवाहरू विदेश जान बाध्य छन् । रोजगारीको लागि खाडी मुलुक जाने युवाहरू घर फर्कन्छन् तर अमेरिका, अष्ट्रेलिया, जापान र युरोपका देशहरू जहाँ स्थायी बसोबास पीआर कार्ड बन्छ, त्यहाँबाट नेपाल फर्कने सम्भावना न्यून छ । पीआर कार्डको सपनामा आधा जिन्दगी नै विदेशमा बिताएका धेरै उदाहरण छन् ।

पछिल्लो समय विद्यार्थी भिषामा जापान जाने नेपालीहरूको लर्को छ । उनीहरूको पनि एउटै सपना हो, जसोतसो पढाइको समय कटाएर राम्रो आम्दानी गर्ने । धेरैको सपना अडिएको हुन्छ पीआरमै । सकेसम्म छिटो कार्ड बनाउने र आफ्नै परिवार नै उतै व्यवस्थापन गर्ने । यस्तै यस्तै सपना बोकेर ठूलो सङ्ख्यामा युवा रोजगारीका लागि विदेश पलायन भइरहेका बेला इटहरी-४ का एक दम्पती भने अष्ट्रेलियाको स्थायी बसाइ अनुमति (पीआर) आफ्नै देशको व्यवसायमा रमाइरहेका छन् । ७ वर्षसम्म अष्ट्रेलिया बसेका इटहरीका देशबन्धु कार्की र कोपिला कार्की आफ्नै देशमा व्यावसायिक लगानीमा होमिएका छन् । देशबन्धुका अनुसार दुवैजनाले पीआर त्यागेर आफ्नै देशमा केही गरौं भनेर फर्किएका हौं । पार्टनरसिपमा कृषिक्षेत्रमा लगानी गरेका छन् ।


विदेश त्यागेर आफ्नै देशमा केही गरौँ भनेर लागेको बताउने उनी भन्छन्, 'सुरु सुरुमा त राम्रो कमाइ छोडेर आउँदा पश्चाताप लागेको थियो, अहिले हामी यहाँ अष्ट्रेलियाको भन्दा धेरै कमाइ गर्छौं । बक्लौरीमा सुरु गरेको जीविका कृषि फार्ममा व्यावसायिक पशुपालन तथा दुग्ध उत्पादन भइरहेको छ ।'

**जे देखें त्यही लेखें**

सुनसरीमै जीविका कृषि विज्ञान कलेजका सञ्चालकसमेत रहेका देशबन्धु भन्छन् -'कृषिक्षेत्र भन्नासाथ नपढेकाहरूले मात्र गर्ने भन्ने मानसिकता भएकोले पनि त्यसलाई चुनौती दिन कृषिक्षेत्रमा पनि लगानी गरेका हौं ।' सामूहिक व्यवसायबाट सफलता पाउन सकिने भन्दै समूहमा लगानी बढाएको उनी बताउँछन् । कार्की दम्पती २०६३ मा विद्यार्थी भिषामा अष्ट्रेलिया गएका थिए । देशबन्धुले त्यहाँको युनिभर्सिटी कम्युनिटी वेल्फेयर डेभलोपमेन्टमा स्नातकोत्तर पूरा गरे । २०७० सालमा नेपाल फर्केका उनीहरू व्यवसायमा जमेका छन् । उनी नुप्चे लिकु हाइड्रोपावरका बोर्ड डाइरेक्टरसमेत हुन् । उनले हाइड्रोमा पनि राम्रै लगानी गरेका छन् । त्यस्तै ऐकयाम इन्भेष्टमेण्टका अध्यक्ष रहेका देशबन्धुले यही कम्पनीमार्फत् शेयर कारोबार पनि गर्दै आएका छन् । त्योसँगै सामाजिक क्षेत्रमा पनि उनको लोभलाग्दो योगदान छ ।

कानूनी ढङ्गले विदेश जाने र काम तथा अध्ययन गर्ने विषय त सामान्य र नियमित नै भएको तर, पछिल्लो समय आकर्षक कमाइको लोभले जसरी पनि विदेश जानुपर्छ भन्ने मान्यताको विकास भएको छ । 'हिजो आजको सामाजिक मनोविज्ञान नै विदेश केन्द्रित बन्दै गएको परिस्थितिमा हामी नेपालमै केही गर्नुपर्छ भनेर लागेका छौं'-उनी भन्छन् । स्वदेश फर्केपछि विदेश जाने मानसिकता त्यागेर यहीं लगानी गरेको उनको भनाइ छ ।

विदेश त्यागेर आफ्नै देशमा केही गरौं भनेर लागेको बताउने उनी भन्छन्, 'सुरु सुरुमा त राम्रो कमाइ छोडेर आउँदा पश्चाताप लागेको थियो, अहिले हामी यहाँ अष्ट्रेलियाको भन्दा धेरै कमाइ गर्छौं ।' बक्लौरीमा सुरु गरेको जीविका कृषि फार्ममा व्यावसायिक पशुपालन तथा दुग्ध उत्पादन भइरहेको छ भने करोडौंको भवन निर्माणको काम गरिरहेका छन् । कृषि कलेजको अवधारणा ल्याएर उनीसहितका लगानीकर्ताहरू कम्मर कसेर लागिपरेका छन् । यसमा आफू उत्साहित भएर लागेको कार्की बताउँछन् । गाईवस्तुसँगै कुखुरा, बाख्रा, माछापालन गर्दै आएका छन् । 'म अष्ट्रेलिया त्यागेर नेपाल फर्किएको छु, नेपालको लागि म ठूलो कुरा होइन, तर यदि म नेपालको वातावरणमा भिजेर नेपालमै बस्न सकेँ भने त्यसले अवश्य पनि विदेशमा विदेशी नागरिकता लिएर बसेका लाखौं युवालाई नेपाल फर्कन उत्प्रेरित गर्नेछ, तर यदि म नेपालमा टिक्न सकिनँ र फेरि विदेश नै हिँड्नु पर्‍यो भने त मेरो कथा पढेका साथीहरू नेपाल फर्कनेबारे १ सयपटक सोच्न बाध्य हुनेछन् ।'

सामान्यतः विकसित देशमा यसरी स्थापित जीवनलाई तिलाञ्जली दिएर स्वदेश फर्कने निर्णय लिएका यी दम्पती अहिले कुनै पश्चाताप विना आफ्नै ठाउँमा रमाइरहेका छन् । दिनहुँ हजारौंको सङ्ख्यामा विदेशिने बढिरहेका बेला यस्तो समयमा कार्कीको निर्णयले धेरै महत्त्व राख्छ र धेरै सन्देशहरू दिन्छ पनि । 'विदेशमा विदेशी नागरिकता लिएर बसेका लाखौं युवालाई नेपाल फर्कन उत्प्रेरित गर्ने काम सरकारले गरोस्'-उनी भन्छन् । त्यसकारण लाखौं कमाउने ठाउँमा बसेका र पीआर पाएका लाखौंलाई नेपाल फर्कन सक्ने सम्भावित व्यक्तिहरूलाई नेपाल फर्कन उत्प्रेरित र अभिप्रेरित गर्ने वातावरण तयार गर्नबाट चुक्नुहुन्न ।

# धरानमा मनाइयो २४ औं राष्ट्रिय भूकम्प दिवस




धरान *(ब्लाष्ट)* धरानमा चौबीसौं राष्ट्रिय भूकम्प सुरक्षा दिवस मनाइएको छ ।

जिल्ला विपद् व्यवस्थापन समिति सुनसरीको आयोजनामा सम्पन्न दिवसमा भौतिक संरचना निर्माणमा भूकम्पीय जोखिम बहन गर्न सक्ने क्षमताको निर्माण गर्न आग्रह गरिएको छ । सुनसरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले भूकम्पीय जोखिमको संवेदनशीलतालाई ध्यान दिएर भौतिक संरचना निर्माणमा ध्यान दिनुपर्ने बताए । उनले भने, 'भूकम्पबाट ज्यान गुमाएका, घाइते भएकालाई क्षति र राहतले मात्रै पुग्दैन, संरचनामै ध्यान दिनुपर्छ । शतप्रतिशत भूकम्परहित भवनहरू निर्माण गर्नुपर्छ ।' उनले मानवीय गतिविधि तथा क्रियाकलापका कारणले पनि धेरै विपद्हरू निम्त्याइरहेको बताए ।

धरान उपमहानगरका प्रमुख तिलक राईले भूकम्प प्रतिरोधी घर निर्माण भइरहेको भए पनि अझ यसलाई द्रुततर रूपमा लागू गराउनका लागि त्यस्ता घरहरूलाई स्थानीय सरकारले केही न केही दिन सकियो भने नागरिकमा थप आकर्षण बढ्ने बताए । 'अहिले पनि अव्यवस्थित क्षेत्र, सुकुम्बासी बस्तीतिर भूकम्प प्रतिरोधी घरहरू बन्न सकेका छैनन्, त्यतातिर केही न केही लाभ र सुविधा दिन सकियो भने त्यसले मान्छेमा आकर्षण बढ्छ' उनले भने, 'त्यसले थप भौतिक संरचना निर्माणमा गतिलो गरी फड्को मार्न सक्छौं ।'

कार्यक्रममा जिल्ला रेडक्रस सोसाइटी सुनसरीका अध्यक्ष उमेश थापाले भूकम्प कहिले र कुन समयमा जान्छ भन्नेबारे थाहा नहुने भए पनि यसबाट हुने क्षतिलाई न्यूनीकरण गर्न सकिने भएकाले भौतिक संरचना निर्माणमा ध्यान दिनुपर्ने बताए । भौतिक संरचना निर्माण गर्दा मजदुर तथा निर्माणकर्तालाई भूकम्प प्रतिरोधी भवन निर्माण गर्दा अपनाउनुपर्ने विषयमा तालिम, सीप दिनसकेमा ठूलो उपलब्धि हुने बताए । जिल्ला रेडक्रस सोसाइटी सुनसरीको सहकार्यमा कार्यक्रम सम्पन्न भएको हो ।

# कोसी गाउँपालिका-४ को आफ्नै कार्यालय



सुनसरी *(ब्लाष्ट)* जनप्रतिनिधि निर्वाचित भएको साढे चारवर्षपछि कोसी गाउँपालिकाको ४ नं. वडा कार्यालयले आफ्नै भवनबाट सेवा सुरु गरेको छ ।

३५ लाख लागतमा भवन निर्माण गरिएको भवनको गाउँपालिका अध्यक्ष ऐयुब अन्सारीले आइतबार उद्घाटन गरे । कोसी गाउँपालिकाका प्राविधिक प्रमुख इन्जिनियर रोशन शर्माका अनुसार आर्थिक वर्ष २०७७/०७८ को २० लाख र चालु आर्थिक वर्षको १५ लाख लागतमा सभाहलसहित चारकोठे वडा कार्यालयको भवनमा निर्माण गरिएको हो । अध्यक्ष अन्सारीले जनताका सेवा र सुविधाका लागि वडा कार्यालयको आफ्नै भवन आवश्यक रहेकाले भवनमा निर्माण गरिएको बताए । जीर्ण अवस्थामा रहेको पुरानो भवनबाट वडावासीलाई सेवा दिँदै आएकोमा आइतबारदेखि भने नयाँ भवनबाट सेवा सुचारु गर्दा वडाबासीसँगै आफूहरू पनि हर्षित भएको ४ नम्बरका वडाध्यक्ष अमिन मियाँ नेपालीले बताए । यसैबीच निर्धारित समयमै वडा कार्यालयको भवन निर्माण गर्न सफल भएकोमा वडा कार्यालयले वडा भवन निर्माण समितिका अध्यक्ष विद्यानन्द यादव, सचिव रामु खतिवडा, कोषाध्यक्ष नुसरत खातुन, सदस्यहरू सपुतन खातुन, अमिलाल राम, तजमुल मियाँ र अमसुल खाँलाई सम्मान गरेको छ। यसैगरी अध्यक्ष अन्सारीले कोसी गाउँपालिका-४ स्थित मनोज यादवको घरदेखि मजिद मियाँको घर हुँदै मदरसासम्मको ९ सय २० मिटर सडक कालपत्रे कार्य र कोसी-४ स्थित मजरुद्दिन मन्सुरीको घरदेखि उत्तर इसाक हाजीको घरसम्म ५ सय ३० मिटर कालोपत्रे गर्ने कार्यको शिलान्यास गरे ।


## उर्लाबारी खानेपानी उपभोक्ता तथा सरसफाई संस्था
उर्लाबारी-६, मोरङ

## जग्गा खरिद गर्नेसम्बन्धी सूचना

*प्रकाशित मिति : २०७८/१०/०३*

उर्लाबारी खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको बृहत सहलगानी कार्यक्रम सञ्चालन गर्नको लागि उर्लाबारी नगरपालिका वडा नं. ९ मा तपशिल बमोजिमको शर्तहरु अनुसारको जग्गा आवश्यक रहेकोले जग्गा बिक्रि गर्नुहुने इच्छुक जग्गा धनीले प्रतिकठ्ठा न्यूनतम मूल्य राखी मिति २०७८ माघ १० गते भित्रमा तोकिएका कागजातहरु सहित संस्थाको कार्यालयबाट कोटेशन फारम खरिद गरी शिलबन्दी कोटेशन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु :**

१) जग्गा उर्लाबारी नगरपालिका वडा नं. ९ मा हुनुपर्नेछ ।
२) जग्गाको क्षेत्रफल कम्तिमा ०-४-०(चार कठ्ठा) र बढीमा ०-५-०(पाँच कठ्ठा) हुनुपर्नेछ ।
३) जग्गा उर्लाबारी वडा नं. ९ को लामाटोलीबाट भोटेपुल जानेबाटोको दक्षिण, लामाटोलीबाट छापन जानेबाटोको दुवैतर्फ, छापनबाट खोपीडाँडा जानेबाटोको उत्तर र लामाटोली-भोटेपुल जानेबाटोको दक्षिणतर्फ जानेबाटोको दुवैतर्फको आसपासमा हुनुपर्ने ।
४) बिक्री गरिने प्रस्तावित जग्गामा जाने बाटोमा स्थलगत रुपमा सवारी साधन चल्ने हुनुपर्नेछ ।
५) ११००० के.भि.ए. प्रसारण लाईन नजिकै भएको हुनुपर्नेछ ।
६) जग्गाको चौडाइ कम्तिमा १०० फिट हुनुपर्नेछ ।
७) पेश हुन आएको कोटेशनहरु मध्ये खानेपानी कार्यालयलाई प्राविधिक रुपमा उपयुक्त भएको कोटेशन सम्बन्धमा छलफलको लागि सम्बन्धित जग्गा धनिलाई सम्पर्क गरिनेछ र खानेपानीलाई प्राविधिक रुपमा अनुपयुक्त ठहर गरेको कोटेशन सम्बन्धमा कुनै जानकारी दिइने वा सम्पर्क गरिनेछैन ।
८) चालु आर्थिक बर्षको मालपोत, पुँजीगत लाभकर जग्गा बिक्रेताले नै तिर्नुपर्नेछ ।
९) कोटेशन शिलबन्दी पेश गर्नुपर्नेछ ।

**आवश्यक कागजातहरु :**

१) प्रमाणित जग्गा धनी प्रमाण पुर्जाको फोटोकपी १ थान । २) प्रमाणित नागरिकताको फोटोकपी १ थान ।
३) प्रमाणित जग्गाको नक्सा १ थान । ४) सक्कल मालपोत तिरेको रसिद १ थान ।

**नोट :**

१) कोटेशन संस्थाको कार्यालयबाट मिति २०७८ माघ ३ गते देखि कार्यालय समयमा प्राप्त गरी २०७८ माघ १० गते कार्यालय समयभित्रमा बुझाउनुपर्नेछ ।
२) कोटेशन पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो को भोलि पल्ट समेतलाई अन्तिम दिन मानिनेछ ।
३) यस सम्बन्धमा थप कुनै जानकारी आवश्यक भएमा उर्लाबारी खानेपानी उपभोक्ता तथा सरसफाई संस्थाको कार्यालयमा कार्यालय समय भित्रमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।
४) प्राप्त कोटेशनहरुको अन्तिम निर्णय गर्ने अधिकार कार्यसमितिमा रहनेछ ।

सम्पर्क नं.: ०२१-५४०३९०


# न्यू जनकल्याणकारी सहकारी नाफामा



धरान *(ब्लाष्ट)* धरानका विभिन्न सहकारीहरू पछिल्लो समयमा व्यवस्थापकीय कमजोरीका कारण विवादास्पद भइरहेको र बचतकर्ताको रकम फिर्ता गर्न नसकिरहेको चर्चा चलिरहेका बेला न्यू जनकल्याणकारी बचत तथा ऋण सहकारीले भने नाफा गरेको जनाएको छ ।

साना व्यापार व्यवसाय गर्ने महिलाहरूलाई लक्षित गरेर १६ वर्षअघि स्थापना गरिएको उक्त सहकारीले आर्थिक वर्ष ०७७/७८ मा ६६ लाख ७३ हजार ४ सय ७ रुपैयाँ खुद नाफा गरेको जनाएको छ । सहकारीको १६ औं वार्षिक साधारणसभामा अध्यक्ष मनकुमारी याक्खाले आर्थिक वर्ष ०७७/७८ मा कोरोना महाकारी सुरु भएयता विश्वभर आर्थिक कारोबारको स्थिति खस्किए पनि डब्ल्युएचओ र नेपाल सरकारले बनाएको स्वास्थ्य मापदण्ड अपनाएर आफ्ना सेवाग्राहीलाई घरदैलोमै पुगेर पनि सेवा दिएकाले सहकारीलाई नाफामा लैजान सफल भएको बताइन् ।

उनले सहकारीले दुर्गम र ग्रामीणक्षेत्रमा आफ्नो पहुँचलाई विस्तार गर्न विभिन्न रेमिट कम्पनीसँग सहकार्य गर्दै मनी ट्रान्सफर (विप्रेषण सेवा), हवाईजहाज कम्पनीसँगको सहकार्यमा ट्राभल्स सेवा, शेयर सदस्य सुरक्षण कोष र शेय सदस्य दुर्घटना कोषलाई निरन्तरता दिएको पनि बताइन्। उनले भनिन्, 'कोरोना महाकारीको तेस्रो लहरमा सहकारीको मूल्य, मान्यता र शेयर सदस्यहरूले बचत गरेको रकमलाई कसरी नाफामूलक बनाएर लैजाने भन्ने सन्दर्भ चिन्ताको विषय बनेको छ । तर, हामीले हार खाएका छैनौं । थोरैमात्र आम्दानी हुने साना व्यवसायी, घरेलु महिला र कामकाजीलाई आर्थिक रूपले आत्मनिर्भर बनाउन कोरोना महामारीका बीच सँगसँगै अगाडि बढ्नुको विकल्प छैन ।'

उनका अनुसार सहकारीको धरान उपमहानगर क्षेत्रमा ४ सय ७२ जना शेयर सदस्य रहेका छन् । ती शेयर सदस्यहरूमध्ये पनि ९५ प्रतिशत महिला नै छन् । सहकारीले आर्थिक वर्ष ०७७/८८ मा १८ लाख ८३ हजार रुपैयाँ मात्र निक्षेप, ११ करोड २८ लाख ९९ हजार ९ सय ८७ रुपैयाँको (९२.२३ प्रतिशत) आर्थिक कारोबार गर्न सफल भएको सचिव विष्णुमाया लिम्बूले बताइन् । सहकारीका ऋण तथा कर्जा उपसमिति सचिव सुनिता याक्खाले कोरोना महामारीका कारण विश्व अर्थतन्त्र नै नाजुक भएकाले सहकारीले आर्थिक वर्ष ०७७/७८ मा ४९ लाख ९ हजार रुपैयाँ शेयर बिक्री गर्ने लक्ष लिए पनि १८ लाख ८३ हजार रुपैयाँमात्र बिक्री भएको बताइन् ।

# वक्तृत्वकला प्रतियोगिता सम्पन्न

विजयपुर *(ब्लाष्ट)* दलित विकास समिति धरानले 'समतामूलक समाज निर्माणमा दलित युवाको भूमिका' विषयक वक्तृत्वकला प्रतियोगिता सम्पन्न गरेको छ ।

धरान-३ स्थित देशीलाइनको होटल नवयुगमा सम्पन्न प्रतियोगितामा धरान-५ का गोपाल विश्वकर्मा प्रथम भएका छन् । प्रतियोगितामा द्वितीय, तृतीय र सान्त्वना क्रमशः कञ्चन ल्वागुन, विवश लामगादे र रोजिना लामिछाने भएका छन् । प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमशः प्रमाण-पत्रसहित ४ हजार, ३ हजार, २ हजार र १ हजार रुपैयाँ पाए । प्रतियोगिताका निर्णायक तथा दलित युवा सञ्जालका अध्यक्ष रिकेश विश्वकर्माले पुरस्कारमा प्रतिव्यक्ति १ हजार थपिदिए । अन्य निर्णायकमा कुमार बयलकोटी र शकुन्तला भुसाल रहेका थिए ।

# मोरङ कारागारमा अक्सिजन सिलिन्डर सहयोग

विराटनगर *(ब्लाष्ट)* मोरङ कारागारमा अक्सिजन सिलिन्डर सहयोग गरेको छ । कारागारका चौकीदार अभिषेक गिरीले दुई थान अक्सिजन सिलिण्डर सहयोग गरेका हुन् ।

तेस्रो लहरको कोरोना सङ्क्रमण बढ्न थालेपछि कारागारमा अक्सिजनको कमी हुन नदिन उनले १० लिटर क्षमताको दुई थान अक्सिजन सिलिण्डर आइतबार वितरण गरेका हुन् । यसअघि कारागारभित्र अक्सिजन सिलिण्डर थिएन । चौकीदार गिरीले अक्सिजन सिलिण्डरसहित कारागारभित्र रहेका विपन्न २१ जना कैदीबन्दीलाई जाडोको न्यानो ज्याकेट पनि वितरण गरेका छन् । उनले कारागारमा कैद भुक्तान गर्दै आएका ज्येष्ठ ३१ जना कैदीबन्दीहरूलाई खाद्य सामग्री वितरण गरे।आइतबारसम्म मोरङ कारागारमा ८ सय ४६ जना कैदीबन्दी रहेका छन् । जसमा ७५ जना महिला छन् ।




## परिवर्तनशील समाज नेपाल
धरान, सुनसरी

## सूचना सूचना सूचना

मिति २०७७/११/३० मा यस समाजले गरेको प्रथम अधिवेसनले गरेको संशोधन विधानलाई जिल्ला प्रशासन कार्यालयबाट अमान्य भएको हुँदा २०७६/१०/१२ मा दर्ता भएको समाजको विधान अनुरुपको समितिको वैठक बसी विभिन्न विषयमा छलफल गर्नुपर्ने भएकाले परिवर्तनशील समाजको विधानक २०७६ को दफा ३४ सँग सम्बन्धित उल्लेखित भएका पदाधिकारी र सदस्यज्यूहरुलाई निम्नानुसारको मिति र समयमा उपस्थितिका लागि अनुरोध छ ।

मिति : २०७८ माघ ८ गते, शनिबार
समय : दिनको २:०० बजे
स्थान : समाजको कार्यालय, धरान-१

माधव बास्तोला
सचिव

विश्वराज भण्डारी
संयोजक



## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

मैवाखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
साँघु, ताप्लेजुङ
प्रदेश नं. १ नेपाल

*प्रथम पटक प्रकाशित मिति २०७८।१०।०३*

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (प्रधानमन्त्री रोजगार कार्यक्रम) अनुसार रोजगार सेवा केन्द्रको लागि आवश्यक सव ईन्जिनियर तथा मैवाखोला गाउँपालिकामा आवश्यक अ। सव ईन्जिनियर पद करारमा पूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले, १५ दिन भित्र माग बमोजिमको विवरण र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिन हुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०१-७८-०७९ | सव ईन्जिनियर | पाँचौ | १ |
| २ | ०१-७८-०७९ | अ. सव ईन्जिनियर | चौथो | १ |

१. आवश्यक न्युनतम योग्यता र अनुभवहरु :
- पाँचौ तहको लागि सिभिल ईन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा डिप्लोमा उत्तिर्ण गरेको ।
- चौथो तहको लागि सिभिल ईन्जिनियरिङमा असिष्टेन्ट सव ईन्जिनियर उत्तिर्ण गरेको ।

२. सिप र अनुभव :
- कम्तिमा ३ महिने तालिम लिई आधारभुत कम्प्युटर सिप भएको ।
- पुर्वाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान,सुपरिवेक्षण र अन्तिम अनुमान लागत विवरण तयार गर्न सक्ने,आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलिमा काम गरेको अनुभव, पारस्परिक सम्वन्ध सम्वन्धि सिप सहित कम्तिमा ६ महिना अनुभव गरेको ।

३. उमेर कम्तिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।
४. राजश्व बुझाउने खाता मैवाखोला गाउँकार्यपालिका "ग" १.१ आन्तरिक राजश्व खाता नं. ०७६०४६२१२४७०३००६ मा जम्मा गरेको भौचर समेत बुझाउनु पर्नेछ ।
५. दरखास्त दिने स्थान : मैवाखोला गाउँपालिकाको कार्यालय साँघु ताप्लेजुङ ।
६. दरखास्त दिने अन्तिम मिति : २०७८/१०/१७ गते सम्म ।
७. आवेदन दस्तुर : सव ईन्जिनियर रु, १०००।- र अ. सव ईन्जिनियर रु, ८००।-
८. छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सुचि प्रकाशन, लिखित परिक्षा र मौखिक ।
९. आवेदन साथ संलग्न आवश्यक कागजातहरु ।
- नागरिकताको प्रतिलिपि ।
- न्युनतम योग्यताको लव्धाङ्क प्रतिलिपि ।
- चारित्रिक प्रमाण पत्रको प्रतिलिपि ।
- अनुभव खुल्ने कागजात र २ प्रति पास्पोर्ट आकारको फोटो ।

१०. सेवा सुविधा : सव ईन्जिनियरको लागि युवा रोजगारिका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यावस्थापन) कार्यविधि, २०७६ बमोजिम गाउँपालिकामा प्राविधिक सहायक पदपुर्ति सम्वन्धि प्रकृयाको दफा ११,१२,र १३ वमोजिम हुनेछ र अ. सव ईन्जिनियरको हकमा स्थानीय सेवाको चौथो तह सोसरह हुनेछ ।

*प्रमुख प्रशासकीय अधिकृत*



## आवश्यकता

**बैदेशिक रोजगारीको क्षेत्रमा स्थापित मेनपावर कम्पनीको निम्न पदमा योग्य कर्मचारीहरु आवश्यक परेकोले इच्छुक व्यक्तिहरुलाई आवेदनको लागि आह्वान गरिन्छ।**

Public Relation Officer(PRO) - 2
Business Development Officer - 2
Recruitment Officer - 1

**सेवा तथा सुविधा कम्पनीको नियम अनुसार हुनेछ**
**योग्य तथा इच्छुक व्यक्तिले ७ दिनभित्र आफ्नो बायोडाटा निम्न इमेल मार्फत पठाउनु होला ।**
**इमेल** : trodocumentationitahari@gmail.com

THE RIVER OVERSEAS P.LTD
Itahari Branch
Contact No. 025-581045/46/9808878945



## धरान उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

## विद्यालयहरुको लेखापरीक्षण सम्बन्धमा धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखाको सूचना

*सूचना प्रकाशन भएको मितिः २०७८।१०।०३*

यस उपमहानगरपालिका भित्र सञ्चालित विद्यालयहरुको आर्थिक वर्ष २०७७।७८ को अन्तिम लेखापरीक्षण गर्नुपर्ने भएको हुँदा तपसिल अनुसारका कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र (२०७८।१०।०९ सम्म) धरान उपमहानगरपालिका, शिक्षा, युवा तथा खेलकुद महाशाखामा निवेदन पेस गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

**१ सामुदायिक विद्यालयको हकमाः**


**लेखापरीक्षकले निवेदन साथ पेस गर्नुपर्ने कागजातहरुः**

- चालु आर्थिक वर्षमा नवीकरण भएको लेखापरीक्षण फर्म दर्ता प्रमाण-पत्र
- लेखापरीक्षकको पेशागत प्रमाण-पत्र (COP)
- आर्थिक वर्ष २०७६।७७ सम्मको कर चुक्ता प्रमाण-पत्र
- उपमहानगरपालिकामा रु ३००।- बुझाएको नगदी रसिद
- विगतमा सामुदायिक विद्यालयमा लेखापरीक्षण गरेको अनुभवको संक्षिप्त विवरण
- Institute of Chartered Accountants, Nepal (ICAN ) बाट कुनै पनि प्रकारको कार्यवाहीमा नपरेको स्वःघोषणा
- कुनै विद्यालयमा स्वार्थ बाझिएको (Conflict of interest) भए त्यस्तो विद्यालयको नाम स्वःघोषणा ।

**२ संस्थागत तथा अन्य विद्यालयहरुको हकमाः**

कम्पनी तथा गुठीमा आबद्ध सबै संस्थागत विद्यालयहरुले नियमानुसार अन्तिम लेखापरीक्षण गराई सोको प्रतिवेदन २०७८ साल फागुन मसान्तसम्ममा अनिवार्य रुपमा धरान उपमहानगरपालिका, शिक्षा युवा तथा खेलकुद महाशाखामा पेस गर्नुपर्ने छ । तोकिएको मिति सम्ममा लेखापरीक्षण गराई प्रतिवेदन पेस नगर्ने संस्थागत विद्यालयलाई यसै सूचना अनुसार पेस भएका निवेदनहरुमध्येबाट त्यस्ता विद्यालयहरुको लेखापरीक्षक खटाउन सकिनेछ ।


# आजको राशिफल



ज्यो.पं: मोहन घिमिरे
मो.नं: ९८१०४२५२५१

श्री शालिवाहनीय शाके १९४३ ने. सं. ११४२ वि.सं. २०७८ साल माघ ३ गते सोमबार, १७ जनवरी २०२२ । राक्षसनाम संवत्सर, पुष शुक्लपक्षको पूर्णिमा तिथि ५:३९ बजेसम्म, उप्रान्त प्रतिपदा, नक्षत्र पूनर्वशु ४:५४ बजेसम्म, उप्रान्त पुष्य, चन्द्रमाराशि मिथुन, सूर्योदय ६:५५ र सूर्यास्त ५:३२ बजे हुनेछ ।

**मेष (चु, चे, चो, ला, लि, लु, द, ले, लो, अ)**
आफन्तसँग मनमुटाव बढ्ला । सामान हराउन सक्ने सम्भावना हुनाले सचेत रहनु उचित होला ।

**वृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्नेछ । दिन राम्रो छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
चिताएको कामले तीव्रता लिनेछ । सामाजिक क्षेत्र र नोकरीबाट मानसम्मान मिल्नेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
मनमा सात्विक विचारहरू र अनुहारमा चमक आउनेछ । दिन राम्रो रहेको छ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । शुभसमाचार सुन्न पाइएला । दिन राम्रो छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
विद्या र नयाँ ज्ञान बढ्नेछ । आकस्मिक धनलाभ हुनेछ । मन शान्त रहनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
नजिकका व्यक्तिबाट विश्वासघात हुनसक्छ । झन्झटिलो काम आइपर्न सक्ने हुनाले सचेत रहनु होला ।

**वृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
अग्रजको सहयोगले कार्यसम्पादन हुनेछ । शुभकार्यको चर्चा चल्नेछ । दिन राम्रो छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
कला र गलाको प्रभाव बढ्नेछ । परिवारमा सुख-सन्तोष छाउनेछ । दिन राम्रो छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
लाभदायक यात्रा हुनेछ । नयाँ कार्यको महत्त्वपूर्ण योजना बन्नेछ । दिन शुभ छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
यात्रा गर्दा सचेत हुनु पर्नेछ । महत्त्वपूर्ण अवसर गुम्न सक्नेछ । कार्य गर्दा सचेत हुनुहोला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
दाम्पत्य जीवन सुखमय हुनेछ । तर, सामाजिक र धार्मिक कार्यमा खर्च बढ्न सक्छ ।

# नेप्सेमा उच्च अङ्कको वृद्धि

धरान *(ब्लाष्ट)* धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आइतबार पनि उच्च अङ्कले बढेको छ । नेप्से ६९ अङ्कले बढेर दुई हजार ९२६.७४ मा पुगेको छ । यस्तै ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ११.८१ अङ्कले बढेर ५४२.६३ मा पुगेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्सेको उकालो यात्रासँगै कारोबार रकमसमेत उकालो लागेको छ । कुल २ सय २९ कम्पनीको एक करोड ८२ लाख ५४ हजार ४ सय २५ कित्ता शेयर नौ अर्ब ६७ करोड ६३ लाख १७ हजार ५९ मूल्यमा खरिद बिक्री भए ।

नेप्सेका अनुसार कारोबार भएका १३ वटा उपसमूहको शेयर उकालो लागेको छ । बैङ्किङ ३९.४७, व्यापार ७९.६८, होटल तथा पर्यटन ५५.६५, विकास बैङ्क १४३.४२, जलविद्युत् ७५.२६, वित्त ५६.६२, निर्जीवन बिमा २६६.२२, उत्पादन ४०६.८२, अन्य ६६.२१, लघुवित्त ११०.४५, जीवन बिमा ३८९.५१, सामूहिक लगानी कोष ०.२५ र लगानी १.९१ अङ्कले उकालो लागेको छ ।

कारोबारका आधारमा अरुण भ्याली हाइड्रोपावर शीर्षस्थानमा रहेको छ । सो कम्पनीको ३६ करोड ४३ लाख १७ हजार ५ सय ३१ बराबरको कारोबार भयो । यस्तै अपि पावर कम्पनी ३० करोड ४४ लाख ४५ हजार १ सय ५१, माथिल्लो तामाकोसी २९ करोड ७४ लाख ६ हजार ९ सय २१, शिवम् सिमेन्ट २६ करोड ३३ लाख ७८ हजार ६ सय २२ र नेपाल पूर्वाधार बैङ्क २५ करोड ४१ लाख ५१ हजार ९ सय ५७ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार स्ट्याण्डर्ड चार्टर्ड बैङ्क र मध्यभोटेकोसी जलविद्युत् कम्पनीको शेयर १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो । किसान लघुवित्त ९.९४, हिमालयन डिस्टिलरी ८.९६ र सिन्धु विकास बैङ्कका लगानीकर्ताले ८.७९ प्रतिशतले कमाए ।

यस्तै ग्लोबल आइएमई बैङ्कको ऋणपत्र ३.५९, बोटलर्स नेपाल तराई २.९७, मनकामना स्मार्ट लघुवित्त २.५६, मैलुङ खोला जलविद्युत् कम्पनी २.३३ र न्यादी हाइड्रोपावरका लगानीकर्ताले २.२७ प्रतिशतले गुमाए । नेप्सेका अनुसार आइतबारको कारोबारपछि बजार पुँजीकरण ४१ खर्ब ३४ अर्ब ६० करोड १४ लाख १९ हजार ५ सय ८७ बराबर पुगेको छ ।

# कोरोना नियन्त्रणका लागि सरकारले जारी गऱ्यो आदेश

धरान *(ब्लाष्ट)* सरकारले कोरोनाको नयाँ भेरियन्ट ओमिक्रोनसहितको कोभिड-१९ महामारीको तेस्रो लहर रोकथाम तथा नियन्त्रणसम्बन्धी आदेश, २०७८ जारी गरेको छ ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले विश्वव्यापी महामारीका रूपमा फैलिएको नयाँ भेरियन्ट ओमिक्रोनसहितको कोभिड-१९ महामारीको तेस्रो लहर नेपालमा समेत बढ्दै गएकाले सोको रोकथाम तथा नियन्त्रण, निदान र उपचारका लागि आदेश जारी गरिएको बताए ।

> आदेशमा विद्यालय, विश्वविद्यालय, कलेज, ट्युसन सेन्टरलगायतका अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्दा माघ १५ गतेसम्म भौतिक उपस्थितिमा सञ्चालन नगर्ने निर्णय भएको नेपाल सरकारका प्रवक्ता कार्कीले जानकारी दिए ।

सरकारले आदेशमार्फत् सबै प्रकारका आमसभा, जुलुस, भेला वा धेरै मानिस भेला हुने क्रियाकलाप माघ मसान्तसम्म सञ्चालन नगर्ने निर्णय गरेको छ । गोष्ठी, सेमीनार, समीक्षा, बैठक जस्ता क्रियाकलाप सञ्चालन गर्दा भर्चुअल माध्यमद्वारा गर्ने तथा भौतिकरूपमा उपस्थित भई गर्नुपर्ने काम जनस्वास्थ्यका मापदण्ड पालना र एन्टिजेन परीक्षण गरी रिपोर्ट नेगेटिभ आएका बढीमा २५ जना मात्र रहने गरी सञ्चालन गर्न अनुमति दिने आदेशमा उल्लेख छ ।

आदेशमा त्यस्ता क्रियाकलाप सञ्चालन गर्दा ७ गतेपछि त्यस्तो कार्यक्रम पूर्णखोप लगाएका व्यक्ति मात्र उपस्थित हुने व्यवस्था मिलाउनु पर्नेछ । सरकारले सिनेमा हल, डान्सबार, दोहोरी नाचघर, क्लब, हेल्थ क्लब, जिम, स्विमिङ पुल, फुटसल, हाटबजार र मानिसको भीडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम यही माघ १५ गतेसम्म सञ्चालन नगर्ने निर्णय गरेको छ । आदेशमा विद्यालय, विश्वविद्यालय, कलेज, ट्युसन सेन्टरलगायतका अन्य शैक्षिक क्रियाकलाप सञ्चालन गर्दा माघ १५ गतेसम्म भौतिक उपस्थितिमा सञ्चालन नगर्ने निर्णय भएको नेपाल सरकारका प्रवक्ता कार्कीले जानकारी दिए । आदेशमा शैक्षिक क्रियाकलाप र शिक्षण सिकाइका गतिविधि भर्चुअल माध्यमबाट सञ्चालन गर्न भनिएको छ ।

विद्यालय र कलेजका पूर्वनिर्धारित परीक्षा, जनशक्ति भर्नाका परीक्षा, वैदेशिक रोजगारीका लागि सञ्चालन गरिने विदेशी भाषा परीक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका परीक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी सञ्चालन गर्न सकिने छ ।

मठमन्दिर, मस्जिद, गुम्बा, चर्चलगायतका धार्मिकस्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गरी माघ मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने विषय आदेशमा उल्लेख छ । सरकारले सपिङ मल, डिपार्टमेन्ट स्टोर तथा अन्य प्रकारका पसलमा एक पटकमा २५ जनाभन्दा बढी हुन नहुने गरी आदेश जारी गरेको छ । कुनै पनि सामान अनावश्यक रूपमा छुन नपाइने तथा दुई व्यक्तिका बीचमा कम्तीमा पनि दुई मिटर दूरी कायम गर्न एवम् मास्क अनिवार्य, पटक-पटक साबुन पानीले हात धुने, सेनिटाइज गरी सञ्चालन गर्न पनि सरकारले भनेको छ ।

जनस्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित धनी वा सञ्चालकको हुनेछ । पार्टी प्यालेसमा एकपटक कुल क्षमताको बढीमा एकतिहाइ नबढ्ने गरी बढीमा ५० जनामात्र उपस्थित रहने र सम्बन्धित जिल्ला प्रशासनबाट स्वीकृति लिनु पर्नेछ । सरकारले विवाह, ब्रतबन्ध, न्वारान र पास्नीजस्ता धार्मिक तथा सांस्कृतिक, सामाजिक कार्यक्रम भौतिक दूरीलगायत जनस्वास्थ्य मापदण्ड पालना गरी सञ्चालन गर्न दिने भएको छ ।

रङ्गशालामा दर्शकसहितको खेल गर्दा कुल क्षमताको एकतिहाइ मात्र हुने गरी जनस्वास्थ्य मापदण्ड पालना गरी सञ्चालन गर्न पाइनेछ । उपस्थित दर्शकमध्ये आयोजनाको खर्चमा एकतिहाइ दर्शकलाई रेण्डम छनौटका आधारमा एन्टिजेन परीक्षणको व्यवस्था मिलाउनु पर्नेछ । यही माघ ७ गतेपछि त्यस्ता खेलकुदमा खोपको मात्र पूरा गरेकालाई खोप कार्डका आधारमा रङ्गशालामा प्रवेश गर्न दिइनेछ । धार्मिक वा सांस्कृतिक जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, नित्य संस्कारलगायतका अत्यावश्यक परम्परागत धार्मिक एवम् सांस्कृतिक क्रियाकलापमा ५० भन्दाबढी व्यक्ति हुन नहुने उल्लेख छ ।

# गोधुली रनिङ कपमा धरान-१६ ले रच्यो इतिहास

धरान *(ब्लाष्ट)* अन्तरवडास्तरीय टुबोर्ग गोधुली रनिङ कपको एक्काइसौं संस्करणमा उपविजेतामा सीमित बनेको धरान-१६ बाइसौं संस्करणमा विजेता बन्दै इतिहास रचेको छ ।



धरान रङ्गशालामा आइतबार सम्पन्न फाइनलमा धरान-१६ ले टाइब्रेकरमा धरान-१३ लाई ४-३ गोलअन्तरले पराजित गर्दै उपाधिमाथि कब्जा जमाएको हो । उपाधि जितेको धरान-१६ ले नगद १ लाख ५० हजार रुपैयाँ जित्यो । त्यस्तै उपविजेता बनेको धरान-१३ ले नगद ७५ हजार रुपैयाँ पाएको छ । विजेता, उपविजेतालाई धरान-१८ का वडाध्यक्ष नरेन्द्रकुमार राई प्रवीणले थप २५-२५ हजार रुपैयाँ प्रदान गरे । निर्धारित समयसम्म गोलरहित बराबरीमा सकिएपछि टाइब्रेकरमा धरान-१६ का प्रवीन भुजेल, मनिष बस्नेत, शैलेन्द्र नेपाल र खुसीमान लिम्बूले गोल गर्दा सरोज लकान्द्रीले पोस्टको दिशा दिन सकेनन् । धरान-१३ का दोर्जे तामाङ, निश्चल श्रेष्ठ र मन्दिप राईले गोल गर्दा मिलन लिम्बू र अशोक कट्वाल गोल गर्न चुके । २१ औं संस्करणमा पनि धरान-१६ टाइब्रेकरमै पराजित हुँदै उपविजेतामा सीमित बनेको थियो । यसपटक साविक विजेता धरान-१४ सँग धरान-१६ को भेट पहिलो सेमिफाइनलमा भएको थियो । जहाँ १६ ले बाजी मारेको थियो ।

१६ नम्बर वडाका टिम व्यवस्थापक श्यामकुमार लिम्बूले खेलाडीको मिहिनेत र गोलरक्षकको आत्मविश्वासका कारण जित हात पार्न सफल भएको बताए । उनले आफूहरूको रणनीतिअनरूप नै टाइब्रेकरबाट नतिजा ल्याइएको बताए । विधागत पुरस्कारतर्फ धरान-१६ का जलन लिम्बू सर्वोत्कृष्ट खेलाडी घोषित हुँदै नगद १५ हजार रुपैयाँ पाए । त्यस्तै सर्वाधिक गोलकर्ता १६ कै सरोज लकान्द्री बने । उनले नगद ७ हजार ५ सय रुपैयाँ पाए । फाइनल खेलको म्यान अफ दी म्याच १६ का मनिष बस्नेत बने । उत्कृष्ट गोलरक्षक १६ कै ऋतेष निरौला घोषित हुँदा उत्कृष्ट प्रशिक्षक पनि १६ का दिवस मगर घोषित भए । उनीहरूले जनही नगद ५ हजार ५ रुपैयाँ पाए । उत्कृष्ट रक्षापङ्क्ति भने धरान-१३ का निश्चल श्रेष्ठ घोषित भए ।

त्यस्तै उत्कृष्ट स्ट्राइकर १३ कै मिलन लिम्बू घोषित हुँदा उत्कृष्ट मिडफिल्डर १३ कै विवेक राई घोषित हुँदै जनही ५ हजार ५ सय रुपैयाँ र ट्रफी पाए । प्रतियोगिता विजेता, उपविजेता टिमलाई धरान उपमहानगरका प्रमुख तिलक राई, आयोजक गोधुली क्लबका कार्यवाहक अध्यक्ष सतिस केसीलगायतले पुरस्कार वितरण गरे । यसक्रममा क्लबका संस्थापक एवम् धरान खेलकुद विकास समितिका संयोजक दिवङ्गत सुवास राईको स्मृतिमा स्थापित सुवास राई स्मृति पत्रकारिता पुरस्कार पत्रकार रोहित राईलाई प्रदान गरिएको छ । त्यस्तै क्लबका पूर्व खेलाडी विष्णु सुनारलाई पनि नगद २० हजार रुपैयाँ राशिको पुरस्कार प्रदान गरिएको छ । क्लबबाट उत्पादित सुनारले ए डिभिजन क्लबबाट फुटबल खेलेर क्लबसहित धरानको नाम राख्न सफल भएको भन्दै सम्मान स्वरूप पुरस्कार वितरण गरिएको कार्यवाहक अध्यक्ष केसीले बताए ।


## कर्मचारी आवश्यकता

कुक - २ जना किचन हेल्पर - २ जना
वेटर - २ जना क्लिनर - २ जना

गंगा दाइको फेमली रेष्टुरेन्ट एण्ड लज
विराटनगर-४, नोबेल हस्पीटल
सम्पर्क : ९८५१२५४०७७, ९८१८६७४२७३



यहि मिति २०७८ माघ १ गते देखि
२०७८ माघ ४ गतेसम्म किचन मर्मत कार्य
रहेको हुँदा यस गुरूङ्ग बि.बि.क्यु का सम्पूर्ण
सेवा-सुविधा बन्द रहने जानकारी गराउदछौं ।
ग्राहक महानुभावहरुमा भएको असुविधाप्रति क्षमा प्रार्थी छौं ।
गुरूङ्ग बि.बि.क्यु एण्ड हट किचन
धरान-१६, गणेशमान चौक, पुण्यमार्ग


## दोस्रो वडाध्यक्ष कप

# लालीगुराँस र मिल्स क्लब सेमिफाइनलमा



विराटनगर *(ब्लाष्ट)* विराटनगरमा जारी दोस्रो वडाध्यक्ष कप फुटबल प्रतियोगितामा लालीगुराँस स्पोर्ट्स क्लब र मिल्स युथ फुटबल क्लब सेमिफाइनलमा पुगेका छन् ।

विराटनगर-१७ स्थित खेलमैदानमा आइतबार भएको पहिलो खेलमा गोरखा फुटबल क्लबलाई ७-० गोलले हराउँदै लालीगुराँस सेमिफाइनलमा पुगेको हो ।

जितको लागि लालीगुराँसको तर्फबाट बर्तमान राईले ४, आदेश थापा मगरले २ र केवल राईले १ गोल गरेका थिए । पहिलो खेलको म्यान अफ दी म्याच लालीगुराँसका बर्तमान राई घोषित भए । सोही दिन भएको दोस्रो खेलमा विराट एकेडेमीलाई ३-० गोलले हराउँदै मिल्स युथ क्लब सेमिफाइनलमा पुगेको छ । मिल्सको तर्फबाट रवि थापा मगरले २ र उत्तम शर्माले एक गोल गरेका थिए । खेलको म्यान अफ दी म्याच मिल्सका रवि थापा मगर घोषित भए ।आज (सोमबार) को खेलमा रानी युवा क्लब र टिडब्ल्युवाइसिई क्लबबीच प्रतिस्पर्धा हुनेछ ।

# जेनिश बने द भ्वाईस अफ किड्स

धरान *(ब्लाष्ट)* बालबालिकाको गायन रियालिटी शो 'द भ्वाइस किड्स' को उपाधि झापाका जेनिश उप्रेतीले जितेका छन् ।

फाइनलमा पुगेका ८ प्रतिस्पर्धीमध्ये जेनिशले उपाधिसँगै १५ लाख रुपैयाँ र विभिन्न उपहारहरू पाए । ६ वर्षदेखि १४ वर्षसम्मका बालबालिकाहरूको सहभागिता रहेको 'द भ्वाइस किड्स' मा कोचको रूपमा प्रमोद खरेल, राजु लामा, मिलन नेवार र प्रविशा अधिकारी रहेका थिए ।

फाइनलमा जेनिशसँगै झापाकै रुक्सना लिम्बू, बाजुराका सुप्रिम मल्ल ठकुरी, काठमाडौंकी पासाङ डिक्की शेर्पा, दार्जिलिङकी मिन्छामा राई, इलामकी नुमा राई, झापाकी अनुजा कडरिया र झापाकै सुसमी गुरुङ पुगेका थिए । २० हजार सहभागीमध्ये डिजिटल अडिसनमा एक सयजना ब्लाइन्ड अडिसनमा सहभागी थिए । प्रत्येक टिममा १२ जनाका दरले ४८ जना ब्लाइन्ड राउण्डबाट छानिएका थिए । २४ जना लाइभका लागि छानिएका थिए । त्यसपछि अन्तिम १६ हुँदै ८ जना फाइनलमा पुगेका थिए ।




# हार्दिक समवेदना



जन्मः
वि. सं. २००४ वैशाख
१० गते
हतुवागढी गा.पा. होम्ताङ,
भोजपुर

स्वर्गारोण :
वि. सं. २०७८ पौष
२३ गते
हतुवागढी,गा.पा. घोडेटार,
भोजपुर

स्व. आशलाल राई

तेखिमे परिवारका एक मात्र हाम्रा ज्वाई, फुपाजु भारतिय सेनाका पेन्सनर आशलाल राईको २०७८ पौष २३ गते शुक्रबारका दिन ७४ वर्षको उमेरमा असामयिक निधन भएको हुँदा दिवंगत आत्माको चिरशान्तीको लागी हामी परिवारजनको तर्फबाट भगवानसँग प्रार्थाना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै, हाम्रा चेली फूपु जसरानी राई, भान्जाहरु मोहन राई परदेशी, चन्द्र कुमार राई, बुहारी भान्जीहरु कमला राई, सुस्मिता राई तथा नाति, नातिनाहरु अञ्जली राई, अभिशेष राई, आयुष राई, आशुषा राई र भान्जी शुष्मा राई लगायत सम्पुर्ण परिवारजनप्रति यस दुःखद घडीमा गहिरो समवेदना प्रकट गर्दछौं ।

जेठान/जेठानीहरू :
मोनवल राई (काठमाण्डौं)
मनश्वरी राई होम्ताङ, भोजपुर
ज्यामोती राई काठमाण्डौं
गोपाल प्रसाद राई फिदिम, पाँचथर
लक्ष्मी राई फिदिम पाँचथर
पर्श बहादुर राई कामाण्डौं
झुक्कलमाया राई काठमाण्डौं

भदैहरू :
जितकुमार राई काठमाण्डौं
मुमाराज राई (कुमार) काठमाण्डौं
गणेश राई फिदिम, पाँचथर
जीवन प्रसाद राई, हिले धनकुटा
रोहित राई, फिदिम, पाँचथर
भीमप्रसाद राई सुरुङ्गा झापा
दिलिप राई, अष्ट्रेलिया

भदै बुहारीहरू :
रिता राई काठमाण्डौं
संगीता राई, काठमाण्डौं
दिलु लिम्बु (राई) फिदिम, पाँचथर
पार्वती श्रेष्ठ (राई) हिले, धनकुटा
माया तामाङ (राई) फिदिम पाँचथर
कमला राई, सुरुङ्गा झापा
सोनाम श्रेष्ठ (राई) अष्ट्रेलिया

भदैनी/ज्वाईहरू :
विष्णु कला राई होम्ताङ, भोजपुर
आशाकुमारी राई होम्ताङ भोजपुर
विमला राई, नईन्द्र राई काठमाण्डौं
चन्द्रकला राई, दुर्गा श्रेष्ठ भक्तपुर

नाता नातिनाहरू :
डा.वर्षा राई (वंगलादेश)
रिचना राई पाँचथर
बादल राई, काठमाण्डौं
ट्रिजा राई, विराटनगर
रिजन राई, काठमाण्डौं
लिफङ राई हिले, धनकुटा
युङसेमी राई पाँचथर
सेमिना राई पाँचथर
नुहाङ राई, पाँचथर
सावाहाङ राई पाँचथर
आरती राई पाँचथर

एवं सम्पूर्ण तेखिमे राई परिवार


## बीपी...

प्रतिवेदनले प्रतिष्ठानमा उपकरण खरिद र ठेक्कापट्टामा करोडौंको चलखेल हुने, आर्थिक लेनदेन हुने, पुराना मेडिकल उपकरणका कारण सेवामा ढिलाइ हुने, खरिद गरेर ल्याइएका उपकरण उपयोग नगरी थन्क्याएर राखिएको, आवश्यक मेडिकल उपकरण खरिदमा कमिसन र घूस खाने, भ्रष्टाचारको 'ऱ्याकेट' नै सञ्चालन गरेको औंल्याइएको थियो ।

ती सबै प्रतिवेदनका आधारमा प्रतिष्ठानलाई सुधार गर्न कसैले नरोके पनि जुनसुकै सरकार आए पनि उदासिन हुने र प्रतिष्ठानलाई दुहुनो गाईमात्र बनाएको धरानका पूर्व नगरप्रमुख मनोजकुमार मेन्याङ्बोले बताए । उनले भने, 'प्रतिष्ठान सुधार्न र फटाइँ गर्ने पदाधिकारी वा कर्मचारीलाई कारबाहीको दायरामा ल्याउन ती प्रतिवेदनहरु काफि छन् । तर सरकार नै कमजोर भएपछि समस्या जस्ताको तस्तै रहेको हो ।' ०७८ सालको महालेखा परिक्षकको प्रतिवेदनसहित ती प्रतिवेदनहरूले प्रतिष्ठानमा सञ्चित घाटा ७ अर्ब बढी भएको र १ अर्ब २५ करोड रुपैयाँ बढीको बेरुजु औंल्याएका थिए ।

बीपी प्रतिष्ठान शुद्धीकरण अभियान सङ्घर्ष समितिका संयोजक डा. एसपी रिमालले ती प्रतिवेदनअनुसार सरकारले ठोस नीति अपनाएर कार्यान्वयन गर्नसकेमा प्रतिष्ठानको साख फर्किने बताए । उनले भने, 'यस्तै ताल हो भने झन्झन् बिग्रनेछ । बेवास्ता गर्दै जाने हो भने प्रतिष्ठानबाट राम्रा चिकित्सक पलायन हुनेछन् । तत्काल सुधार गर्नका लागि ती प्रतिवेदनले औंल्याएका बुँदाहरूलाई ठोस रूपमा कार्यान्वयन गर्न तत्काल कदम चाल्नुको विकल्प छैन ।'

## उप्किएको...

पिङडाँडासम्म १.७ किलोमिटर सडक निर्माण गर्नका लागि ९६ लाख ४६ हजार रुपैयाँमा वीर निर्माण सेवाले ठेक्का पाएको थियो । सङ्घीय सरकारबाट आएको अनुदान र कानेपोखरी गाउँपालिकाको बजेटमा उक्त सडक निर्माण भएको हो ।

## सुनसरी...

महिलामा अम्बिकादेवी चौधरी, कलावती चौधरी निर्वाचित भए । आदिवासी जनजाति थारू बाहेक खुल्लामा टीकाराम माङ्लेन लिम्बू, पदमबहादुर माझी, गणेश प्रधान, गोपाल सुनुवार, वीरबहादुर लिम्बू, सोमबहादुर श्रेष्ठ निर्वाचित भए । यसैगरी आदिवासी जनजाति थारूबाहेक महिलामा उषा सुब्बा लिम्बू, कल्पना शेर्पा निर्वाचित भए ।

एमालेले आज (सोमबार) पत्रकार सम्मेलन गरी निर्वाचित पदाधिकारीको घोषणासभा तथा गोपनीयताको सपथ ग्रहण गराउने कार्यक्रम रहेको जनाइएको छ । घोषणासभा कार्यक्रम इनरुवामा हुँदैछ ।

पूर्व क्षितिज प्रकाशन प्रालिद्वारा प्रकाशित अध्यक्षः डिल्ली सुब्बा कन्दङ्वा, प्रबन्ध निर्देशक/सम्पादकः किशोरकुमार कार्की, प्रधान सम्पादकः राजकुमार कार्की, उप-प्रबन्ध निर्देशकः दिपेन्द्रकुमार कार्की, कार्यकारी सम्पादकः भोजराज श्रेष्ठ,
मुद्रण प्रमुखः प्रवीनकुमार कार्की, ब्लाष्ट छापाखाना, प्रधान कार्यालयः ०२५-५२५४५८, ५३३४३५, विज्ञापन ०२५५३३४१४, फ्याक्स ०२५५२८४५८, इटहरीः ५८१४४५, बिराटनगरः ०२१-५९००९०, धनकुटाः ०२६-५२३७९४
इमेलः blastdesk@gmail.com, advtblast@gmail.com वेबसाइटः www.blastkhabar.com